नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०२-३१ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, बागमती, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब घट्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : जेष्ठ-३१ (सोमबार) ( बिहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य रहने नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । नारायणी र महाकाली जलाधारका केहि स-साना सहायक नदीमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ ।
- आज कन्काई र यसका सहायक नदीमा बहाब घट्दो हुने, कमला, बागमती, पूर्वी राप्ती,पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज प्रदेश २ को बारा, पर्सा, रौतहट, बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौं, मकवानपुर, गण्डकी प्रदेशको **लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी**, लुम्बिनी प्रदेशको **पारसी, पाल्पा, कपिलबस्तु, अर्घाखाँची, गुल्मी, प्यूठान, दाङ, रुकुम**, सुदूरपश्चिम प्रदेशको **कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम** र आसपास जिल्ला भई बहने केहि स-साना नदीजलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।

### पूर्वानुमान भोलि: असार-०१ (मंगलबार) (बिहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तलै हुने पूर्वानुमान छ । **नारायणी र यसका सहायक नदीमा बहाव केहि बढ्ने र केहि स-साना सहायक नदीमा बहाब सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- भोलि कन्काई, कमला र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । **बागमती, पूर्वी राप्ती, पश्चिम राप्ती, तिनाउ, बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ ।**
- भोलि प्रदेश २, बागमती, **गण्डकी, लुम्बिनी** र कर्णाली प्रदेशको मध्यपहाडी, तराई र चुरेको भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाव बढ्दो हुने र केहीमा सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ ।

### पूर्वानुमान पर्सी : असार-०२ (बुधबार) (बिहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब सामान्य रहने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । **तिनाउ, पश्चिम राप्ती र बबईका** केहि स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- पर्सी प्रदेश २, बागमती, **गण्डकी र लुम्बिनी प्रदेश**को चुरे र तराई भई बहने स-साना नदीमा बहाव बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन मझौला नदीहरु **कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई** र यसका केहि स-साना नदीजलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकोले साना नदी तटिय क्षेत्रमा सतर्कता अपनाउन हुन अनुरोध छ ।
- आज प्रदेश २ को बारा, पर्सा, रौतहट, बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौं, मकवानपुर, गण्डकी प्रदेशको **लमजुङ, कास्की, पर्वत, बागलुङ, म्याग्दी**, लुम्बिनी प्रदेशको **पारसी, पाल्पा, कपिलबस्तु, अर्घाखाँची, गुल्मी, प्यूठान, दाङ, रुकुम**, सुदूरपश्चिम प्रदेशको **कंचनपुर, कैलाली, डडेल्धुरा, डोटी, अछाम** र आसपास जिल्ला भई बहने केहि स-साना नदीजलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकोले उक्त स्थानका स-साना नदी जलाधारमा सतर्कता अपनाईराखौ ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोट: **पहेलो** रङ्ले **मध्यम जोखिम** रहेको संकेत गर्छ । **रातो** रङ्ले **उच्च जोखिमको** संकेत गर्छ ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा

**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
**(जारी मिति: २०७८-०२-३१ बिहान ६:०० बजे)**

**मौसम विश्लेषण (Meteorological Analysis)**
देशभरी मनसुनी वायुको प्रभाव रहेको छ ।

**हाल मौसमको अवस्था (Present Weather Status):**
हाल देशभर सामान्य देखि पूर्ण बदली रही बागमती, गण्डकी, लुम्बिनी प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही र बाकी प्रदेशका एक-दुई स्थानहरुमा वर्षा भईरहेको छ ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**२०७८ जेठ ३१ गते (सोमवार)**
**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, प्रदेश नं २, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानहरुमा भारी बर्षाको समेत सम्भावना छ ।

**राती:** देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानहरुमा भारी बर्षाको समेत सम्भावना छ ।

**२०७८ असार १ गते (मंगलवार)**
**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका धेरै स्थानहरुमा भारी बर्षाको समेत सम्भावना छ ।

**राती:** देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका धेरै स्थानहरुमा भारी बर्षाको समेत सम्भावना छ ।

**२०७८ असार २ गते (बुधवार)**
**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानहरुमा भारी बर्षाको सम्भावना छ ।

**राती:** देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानहरुमा भारी बर्षाको सम्भावना छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours)**
देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षा तथा प्रदेश नं १, प्रदेश नं २, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानहरुमा भारी बर्षाको समेत सम्भावना देखिएकोले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*

*13) Satellite Cloud Picture*
*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।